बैठक संख्या : ०८२/०८३/२०

आज मिति २०८३/०३/०८ गते सोमबारका दिन यस माथागढी गाउँपालिकाका अध्यक्ष श्री यम बहादुर चिदी ज्यूको अध्यक्षतामा देहायका कार्यपालिका सदस्यज्यूहरुको उपस्थितिमा निम्न प्रस्ताव माथि छलफल गरी निर्णय गर्नका लागि गाउँ कार्यपालिकाको बैठक बसियो ।

**समय : दिउँसो :११.३० बजे ।**

**स्थान : गाउँ कार्यपालिका भवन, झडेवा, पाल्पा ।**

उपस्थिति :

| सि.न. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री यम बहादुर चिदी | अध्यक्ष | |
| २. | श्री विष्णु माया लुङ्चे | उपाध्यक्ष | |
| ३ | श्री डुकुल बहादुर गाहा | सदस्य | |
| ४. | श्री बोम बहादुर ठाडा | सदस्य | |
| ५. | श्री तेज बहादुर घर्ति मगर | सदस्य | |
| ६ | श्री शंकर दर्लामी | सदस्य | |
| ७. | श्री गणेशमान गाहा | सदस्य | |
| ८. | श्री युव बहादुर ठाडा मगर | सदस्य | |
| ९. | श्री जैग बहादुर दर्लामी | सदस्य | |
| १०. | श्री दिल बहादुर ढेगा | सदस्य | |
| ११. | श्री तुलसा न्यौपाने | सदस्य | |
| १२. | श्री भगली कुमाल | सदस्य | |
| १३. | श्री रुकुमी सुनारी | सदस्य | |
| १४. | श्री लिला सरा चिदी | सदस्य | |
| १५. | श्री पुर्ण बहादुर सुनार | सदस्य | |
| १६. | श्री भिम कुमारी परियार | सदस्य | |
| | श्री ध्रुव दयाल | सचिव | |
| १७. | आमन्त्रितः | | |
| १८. | श्री जित कुमारी ढेगा | स.प्र.अ. | |
| १९. | श्री प्रमोद भट्टराई | स.ले.अ. | |
| २०. | श्री धर्मेन्द्र कुमार यादव | इन्जिनियर | |

# कार्यपालिकाको बिसौं बैठकको प्रस्ताव तथा निर्णयहरुः-

मिति २०८३/०३/०८

प्रस्तावहरुः-

१. आ.व. २०८३/०८४ को बजेट बक्तव्य सम्बन्धमा,
२. आ.व.२०८३/०८४ को आर्थिक विधेयक सम्बन्धमा,
३. आ.व. २०८३/०८४ को विनियोजन विधेयक सम्बन्धमा,
४. विभिन्न निर्माणाधीन ठेक्काहरुको म्याद थप सम्बन्धमा,
५. स्थानीय तह आकस्मिक कोषको रकम मर्मत संभार कोषमा ट्रान्सफर गर्ने सम्बन्धमा,

निर्णयहरुः-

१. यस गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ को लागि तयार गरिएको बजेट बक्तव्य उपर व्यापक छलफल पश्चात स्वीकृत गरी गाउँ सभाको १९ औं अधिवेशनको दोस्रो बैठकमा गा.पा. उपाध्यक्षले पेश गर्ने निर्णय गरियो।
२. माथागढी गाउँपालिकाको आर्थिक विधेयक, २०८३ को मस्यौदा उपर छलफल गरियो। कार्यपालिका सदस्यहरुले विधेयकको मस्यौदामा आवश्यक परिमार्जन गरे पश्चात उक्त विधेयकलाई गाउँ सभाको १९ औं अधिवेशनको दोस्रो बैठकमा पेश गर्ने निर्णय गरियो।
३. माथागढी गाउँपालिकाको विनियोजन विधेयक, २०८३ को मस्यौदा उपर छलफल गरियो। कार्यपालिका सदस्यहरुले विधेयकको मस्यौदामा आवश्यक परिमार्जन गरे पश्चात उक्त विधेयकलाई गाउँ सभाको १९ औं अधिवेशनको दोस्रो बैठकमा पेश गर्ने निर्णय गरियो।
४. यस पालिका अन्तर्गत निर्माणाधीन देहाय बमोजिमका ठेक्काहरुको सम्वन्धमा ठेकेदार कम्पनीहरुबाट प्राप्त निवेदनहरु र देशको वर्तमान आर्थिक वातावरण, मूल्यबृद्धि र वर्षातको समयलाई समेत मध्यनजर गरी देहाय बमोजिम म्याद थप गर्ने निर्णय गरियो।

<u>देहाय</u>

| क्र.सं. | योजनाको नाम | म्याद समाप्त हुने मिति | थप गरिएको म्याद | कै |
|---|---|---|---|---|
| १ | पन्ध्र शैया अस्पताल | २०८२/०९/३० | २०८३ भदौ मसान्त | |
| २ | सराई-एक्लेबर-सिकारकोट-ओलेस रिङ्गरोड | २०८३/०३/१५ | २०८३ कार्तिक मसान्त | |
| ३ | रहवास-मटेरी मो.बा. | २०८३/०३/१५ | २०८३ कार्तिक मसान्त | |
| ४ | सराई प्रहरी चौकी भवन निर्माण | २०८३/०२/३० | २०८३ कार्तिक मसान्त | |
| ५ | माथा मन्दिर र हात्तिलुङ्ग मो.बा. | २०८३/०१/३० | २०८३ कार्तिक मसान्त | |

| | | | | |
|---|---|---|---|---|
| ६ | पन्ध्र शैया अस्पतालको लागि ट्रान्सफर्मर खरिद | २०८३/०१/११ | २०८३ असार २० सम्म | |

५. यस माथागढी गाउँपालिका अन्तर्गतका योजनाहरुबाट कट्टी हुने मर्मत संभार कोष वापतको रकम प्राविधिक त्रुटीबस सुरु देखिनै स्थानीय तह आकस्मिक कोषमा दाखिला भई रहेकोमा उक्त कोषको रकम मर्मत संभार कोषमा ट्रान्सफर गर्नका लागि लेखा समितिले पेश गरेको प्रतिवेदन बमोजिम मर्मत सम्भार कोषमा रकम ट्रान्सफर गर्नका लागि सभामा प्रस्ताव पेश गर्ने सर्वसम्मत निर्णय गरियो।

०८३/३/८

बैठक संख्या : ०८२/०८३/२१

आज मिति २०८३/०३/३० गते मंगलबारका दिन यस माथागढी गाउँपालिकाका अध्यक्ष श्री यम बहादुर चिदीज्यूको अध्यक्षतामा देहायका कार्यपालिका सदस्यज्यूहरुको उपस्थितिमा निम्न प्रस्ताव माथि छलफल गरी निर्णय गर्नका लागि गाउँ कार्यपालिकाको बैठक बसियो ।

समय : दिउँसो :११.०० बजे ।

स्थान : गाउँ कार्यपालिका भवन, झडेवा, पाल्पा ।

उपस्थिति :

| सि.न. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री यम बहादुर चिदी | अध्यक्ष | |
| २. | श्री विष्णु माया लुङ्चे | उपाध्यक्ष | |
| ३ | श्री राजकुमार पन्थी | सदस्य | |
| ४. | श्री बोम बहादुर ठाडा | सदस्य | |
| ५. | श्री तेज बहादुर घर्ति मगर | सदस्य | |
| ६ | श्री शंकर दर्लामी | सदस्य | |
| ७. | श्री गणेशमान गाहा | सदस्य | |
| ८. | श्री युव बहादुर ठाडा मगर | सदस्य | |
| ९. | श्री जंग बहादुर दर्लामी | सदस्य | |
| १०. | श्री दिल बहादुर ढेगा | सदस्य | |
| ११. | श्री तुलसा न्यौपाने | सदस्य | |
| १२. | श्री मगली कुमाल | सदस्य | |
| १३. | श्री रुकुमी सुनारी | सदस्य | |
| १४. | श्री लिला सरा चिदी | सदस्य | |
| १५. | श्री पुर्ण बहादुर सुनार | सदस्य | |
| १६. | श्री भिम कुमारी परियार | सदस्य | |
| १७. | श्री ध्रुव दयाल | सचिव | |
| | आमन्त्रितः | | |
| १८. | श्री जित कुमारी ढेगा | स.प्र.अ. | |
| १९. | | | |
| २०. | | | |

## कार्यपालिकाको एक्काइसौं बैठकको प्रस्ताव तथा निर्णयहरु:-

मिति २०८३/०३/३०

प्रस्तावहरु:-

१. लेखा समितिको प्रतिवेदन सम्बन्धमा,
२. शिक्षा समितिका निर्णयहरु सम्बन्धमा,
३. करार सेवाका कर्मचारीहरुको म्याद थप सम्बन्धमा,
४. अस्थायी दरबन्दी स्वीकृत सम्बन्धमा,
५. विविध विषयहरु।

निर्णयहरु:

१. यस माथागढी गाउँपालिकाको आर्थिक वर्ष २०८१/०८२ को म.ले.प. को अन्तिम प्रतिवेदन उपर गाउँपालिकाको लेखा समितिले दफावार छलफल पश्चात तयार पारेको राय प्रतिक्रिया सहितको प्रतिवेदन कार्यपालिका बैठकमा पेश भयो। सो प्रतिवेदनमाथि व्यापक छलफल पश्चात कार्यपालिका बैठकले दफावार रुपमा राखेका राय सुझाव समेत समेटी गाउँसभामा पेश गर्ने निर्णय गरियो।

२. मिति २०८३/०३/२८ गते बसेको माथागढी गाउँपालिकाको गाउँ शिक्षा समितिले गरेका निर्णयहरु कार्यपालिका बैठकमा पेश हुँदा उक्त निर्णयहरू सर्वसम्मतिले अनुमोदन गरियो।

३. माथागढी गाउँपालिका अन्तर्गत विभिन्न निकायका स्वीकृत दरबन्दीमा र विभिन्न कार्यक्रम अन्तर्गत करार सेवामा कार्यरत कर्मचारीहरुको सेवा करार म्याद यही २०८३ असार मसान्त सम्म रहेकाले साविकको पाईरहेको सुविधामा १०% वृद्दि हुने गरी मिति २०८३ साउन १ गते देखि बढीमा ६ महिनाको लागि करार सेवाको म्याद थप गर्ने र सो को अनुमोदनका लागि गाउँसभामा पेश गर्ने सर्वसम्मत निर्णय गरियो।

४.(क) माथागढी गाउँपालिकाको गाउँसभाको १५ औं अधिवेशन बाट मिति २०८१/०३/२८ मा पारित माथागढी गाउँपालिकाको संगठन संरचना (O&M) सर्भे लुम्बिनी प्रदेश सरकार समक्ष पेश गरिएकोमा, हालसम्म स्वीकृत नभएकाले संघ सरकारबाट २०८३ बैशाखमा जारी गरिएको संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्बन्धी राष्ट्रिय मापदण्ड, २०८२ बमोजिम यस पालिकाको नयाँ संगठन तथा व्यवस्थापन सर्वेक्षण स्वीकृत नहुन्जेल सम्मका लागि देहाय बमोजिम अस्थायी दरबन्दी स्वीकृत गर्ने र सो अनुमोदनका लागि गाउँसभामा पेश गर्ने सर्वसम्मत निर्णय गरियो।

देहाय

| क.सं. | संस्था/ निकायको नाम | स्थायी दरबन्दी संख्या र पद | | कैफियत |
|---|---|---|---|---|
| | | पद | संख्या | |
| १ | गाउँ कार्यपालिकाको कार्यालय | कम्प्युटर अपरेटर | १ | पाँचौ तह |
| | | अमिन | १ | चौथो तह |
| | | रोजगार सहायक | १ | पाँचौ तह |
| | | प्राविधिक सहायक | १ | पाँचौ तह |
| | | हेभी सवारी चालक | १ | |
| | | हलुका सवारी चालक | २ | |
| | | हलुका सवारी चालक (एम्बुलेन्स) | २ | कार्यपालिकाको निर्णयानुसार सेवा सुविधा हुनेगरी |
| | | कार्यालय सहयोगी | ३ | |
| २ | वडा कार्यालय | कार्यालय सहायक | ३ | |
| | | स.क.अ. | १ | |
| | | का.स. | ८ | |
| | | सामाजिक परिचालक | १ | |
| ३ | विद्यालय शिक्षक | मा.वि. | १ | |
| | | नि.मा.वि. | ४ | |
| | | प्रा.वि. | ५ | |
| | | वा.वि.स. | ३ | |
| ४ | स्वास्थ्य चौकी | अ.न.मि. | ७ | |
| | | ल्या.अ. | ७ | |
| | | का.स. | ८ | |
| | | स्वीपर | १ | |
| ५ | सामुदायिक स्वास्थ्य इकाई | अ.हे.व. | ७ | |
| | | अ.न.मी | ७ | |

४.(ख) निर्णय नं. ४ (क) अनुसारका अस्थायी दरबन्दीमा कार्यरत कर्मचारीहको आ.व. २०८२/०८३ मा पाउने सेवा सुविधामा आवश्यक परिमार्जन/संशोधन गर्ने विषय उपर छलफल हुँदा साविकको सेवा सुविधामा १०% वृद्वि गर्ने र सो को अनुमोदनका लागि गाउँसभामा पेश गर्ने निर्णय गरियो।

४.(ग) बालविकास सहजकर्ताले साविकमा पाईरहेको पारिश्रमिकमा नेपाल सरकारले निर्धारण गरेको न्यूनतम परिश्रमिक रु.१९५५०।- हुनेगरी पारिश्रमिक निर्धारण गर्ने र सो को अनुमोदनका लागि गाउँसभामा पेश गर्ने निर्णय गरियो।

५.(क) गरिबसंग विश्वेश्वर कार्यक्रम अन्तर्गत कार्यरत सामाजिक परिचालकहरुको संघबाट पाउने पारिश्रमिकका अलावा रु.४५५०।- (अक्षरुपी चार हजार पाँच सय पचास रुपैया) थप पारिश्रमिक उपलब्ध गराई नेपाल सरकारले निर्धारण गरेको न्यूनतम परिश्रमिक कायम गर्ने र सो को अनुमोदनका लागि गाउँसभामा पेश गर्ने सर्वसम्मत निर्णय गरियो।

५.(ख) मनसुनका कारण हुन सक्ने बाढी, पहिरो, डुबान तथा कटान जस्ता प्राकृतिक प्रकोपहरुबाट जनधनको क्षति कम गर्न र विपद् जोखिम न्यूनीकरणलाई थप प्रभावकारी बनाउन यस माथागढी गाउँपालिकाको एक मात्र डोजरले धान्न नसक्ने हुँदा निजी कम्पनीका डोजरहरु लगायत नजिकको खानी संञ्चालक कम्पनीहरु संग समन्वय गरेर त्यहा रहेका स्काभेटरहरु तयारी अवस्थामा राख्ने, विपद्पूर्व तयारीका सम्बन्धमा सामाजिक सञ्जाल मार्फत आम नागरिक समक्ष सूचना प्रवाह गर्ने, राहत तथा उद्धारका सामग्रीहरु तयारी अवस्थामा राख्नका लागि गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

०८३/३/२०